नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको

सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मधेशी युवा फोरमका उपत्यका अध्यक्ष जीतेन्द्र शाहको अपहरण बारेमा छानविन एवं अनुसन्धान गरी राय ठहर र सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्न देहाय बमोजिमको अध्यक्ष र सदस्य रहेको जाँचबुझ आयोग गठन गरी सो आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि देहाय बमोजिम तोकेको छ

१. <u>आयोगको गठन:</u> आयोगको गठन देहाय बमोजिम हुनेछ :-

क) श्री गोबिन्द प्रसाद पराजुली, पूर्व मुख्य न्यायाधीश,
पुनरावेदन अदालत -अध्यक्ष

ख) श्री बलराम शर्मा, सह न्यायाधिवक्ता,
महान्यायाधिवक्ताको कार्यालय -सदस्य

ग) श्री सुरेन्द्रबहादुर शाह, वरिष्ठ प्रहरी उपरीक्षक,
प्रहरी प्रधान कार्यालय -सदस्य

२. <u>आयोगको काम, कर्तव्य र अधिकार :</u> (१) आयोगले मधेशी युवा फोरमका उपत्यका अध्यक्ष जीतेन्द्र शाहको अपहरण बारेमा छानवीन एवं अनुसन्धान गरी वास्तविक स्थिति पत्ता लगाउने र निजलाई अपहरण गरी बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरु किटान गरी उनीहरु उपर गर्नु पर्ने कानूनी कारबाही र पीडितका परिवारलाई दिनु पर्ने राहत तथा सुविधाका सम्बन्धमा समेत राय ठहर र सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्य पालनको सिलसिलामा आयोगले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिमका सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

३. <u>आयोगको कार्यावधि :</u> आयोगको कार्यावधि काम शुरु गरेको मितिले ४५ दिनको हुनेछ ।

आज्ञाले,

मधुप्रसाद रेग्मी

सह-सचिव